4 अक्टोबर 2023

आदरणीय Costa Berry का कर्मचारी

## Costa (Berry Category) Enterprise को सम्झौता 2023-2027

तपाईंलाई थाहा नै छ कि Costa ले नयाँ *Costa (Berry Category) Enterprise सम्झौता 2023-2027* (**सम्झौता**) का लागि बार्गेन गरिरहेको छ।

बार्गेनिङ प्रतिनिधिहरूले 5 पटक बार्गेनिङ बैठक बसेका थिए। उक्त पक्षहरू केही मामिलाहरूमा सहमत हुन सके तर अरू कुरामा सहमत हुन सकेनन्। त्यस अवस्थामा उक्त पक्षहरू बार्गेनिङको अवरोधमा पुगेका छन् र हामीलाई लाग्छ कि मतदान गर्ने र कर्मचारीहरूलाई आफ्नो कुरा राख्न दिने समय अहिले नै हो।

अब हामी सम्झौतामा मतदान गर्नका लागि अर्को कदम चाल्न तयार छौं। यो पत्रको उद्देश्य भनेको मतदान र स्वीकृति प्रक्रियामा सम्बन्धमा चालिने कदमहरू उल्लेख गर्नु हो।

निम्न कर्मचारीहरू सम्झौतामा मतदान गर्न योग्य हुन्छन्:

(a) Costa (Berry Category) को रूपमा व्यापार गरिरहेको CostaExchange Pty Ltd का कर्मचारीहरू; र

(b) सम्झौताको अनुसूची A मा उल्लेखित वर्गीकरणका कर्मचारीहरू।

आकस्मिक कर्मचारीहरू मतदान गर्न योग्य हुन्छन्, यद्यपि मतदानको समयमा काममा राखिएका आकस्मिक कर्मचारीहरू मात्र योग्य हुने छन्।

तपाईंसँग मतदान गर्ने आफ्नो योग्यताका बारेमा कुनै पनि प्रश्न भएमा कृपया Sarah Willder लाई CostaBerryEA@costagroup.com.au मा सम्पर्क गर्नुहोस्

### 1. सम्झौताको प्रतिलिपि

सम्झौताको प्रतिलिपि **तपाईंको समीक्षाका लागि Costa Berries EA को वेबपृष्ठमा निम्न लिङ्कमार्फत उपलब्ध छ** Link। तपाईं ट्र्याक परिवर्तन गरिएको सम्झौताको प्रतिलिपि हेर्न चाहनुहुन्छ भने कृपया HR वा आफ्नो प्रबन्धकलाई सम्पर्क गर्नुहोस्।

तपाईं निम्न माध्यमबाट सम्झौताको प्रतिलिपिमा पहुँच प्राप्त गर्न पनि सक्नुहुन्छ:

a) यो लिङ्कमार्फत उपलब्ध सारांश पोस्टरमा भएको QR कोडमार्फत; Link

b) लन्चरुमहरूमा (व्यवहार्य हुँदा); र

c) HR लाई सम्पर्क गरेर।

सम्झौतासम्बन्धी विधानका लिङ्कहरू पनि पछि यो पत्रमा पछि समावेश गरिएका छन्।

तपाईंलाई कुनै थप जानकारी आवश्यक भएमा कृपया आफ्नो सुपरिवेक्षक वा HR लाई सम्पर्क गर्नुहोस्।

## 2. जानकारी सत्रहरू

Costa ले सम्झौतासम्बन्धी जानकारी सत्रहरू सञ्चालन गर्ने छ। यी सत्रहरूको उद्‌देश्य सम्झौताका सर्त तथा परिवर्तनहरू बताउनु र तपाईंलाई प्रश्नहरू सोध्ने अवसर उपलब्ध गराउनु हो। हामी सबै कर्मचारीहरूलाई यी सत्रहरूको समय पुष्टि भएपछि पछि उक्त बारेमा सूचित गर्ने छौँ।

तपाईंलाई सिकाइ र/वा साक्षरतासम्बन्धी कुनै विशेष आवश्यकता भएमा र थप सहायता आवश्यक भएमा वा त्यस्तो सहायता आवश्यक हुन सक्ने कसैलाई चिन्नुहुन्छ भने तपाईं HR वा आफ्नो युनियनको प्रतिनिधि (त्यस्तो प्रतिनिधि छन् भने) लाई सम्पर्क गर्न सक्नुहुन्छ। HR ले अनुरोध प्राप्त गरेपछि आवश्यक कुनै पनि तप सहायताको व्यवस्था मिलाउने छ।

तपाईं यीमध्ये एउटा सत्रमा उपस्थित हुन नसक्नुभएमा वा तपाईंसँग सम्झौतासम्बन्धी कुनै पनि प्रश्न भएमा पनि तपाई HR लाई सम्पर्क गर्न सक्नुहुन्छ।

## 3. परिवर्तनहरूको विवरण

तपाईंलाई सम्झौताका सर्तहरू र यसले हालका सर्त तथा नियमहरूमा गर्ने परिवर्तनहरूका बारेमा बुझ्नमा सहायता गर्नका लागि हामीले **निम्न कागजातहरूका लिङ्क उपलब्ध गराएका छौँ**:

a) तुलना कागजात जसले सम्झौतामा भएका प्रमुख सर्त तथा नियमहरूमा हालको इन्टरप्राइजको सम्झौता र *बागवानी अवार्ड (Horticulture Award) 2020* (**अवार्ड**) का भिन्नताहरूको संक्षिप्त विवरण उपलब्ध गराउँछ। यो त्यो अवार्ड हो जसले तपाईंको रोजगारी र निष्पक्ष कार्य आयोगले गर्ने सम्झौताको आँकलन र BOOT का उद्‌देश्यहरू समेट्छ। BOOT भनेको "समग्र परीक्षणमध्येको राम्रो" हो। सारांशमा, सम्झौता निष्पक्ष कार्य आयोग (**FWC**) ले यसको स्वीकृत आँकलन गर्ने समयमको अवार्डको तुलनामा समग्रमा राम्रो हुनु पर्छ। हालको इन्टरप्राइजको सम्झौताको विरुद्‌ध BOOT सञ्चालन गरिँदैन; **यो लिङ्कमार्फत उपलब्ध छ Link र**

**b)** सारांशको पोस्टर – यो कागजातमा सम्झौतामा भएका प्रमुख परिवर्तनहरूको संक्षिप्त सारांश समावेश छ। **यो लिङ्कमार्फत उपलब्ध छ Link**

कृपया यो सम्झौतामा रिफर गरिएका सम्झौता र अन्य सान्दर्भिक विधानका लिङ्कहरू यो पत्रको अन्त्यमा हेर्नुहोस्।

## 4. मतपत्र

हामीले कर्मचारीहरूले सम्झौता स्वीकृत गर्छन् कि भनी निर्धारण गर्न गोप्य मतपत्र सञ्चालन गर्नका लागि गोप्य तथा स्वतन्त्र मतदान तथा सर्वेक्षण (Confidential & Independent Voting & Surveys, **CIVS**) लाई संलग्न गराएका छौँ। सारांशमा, तपाईं अनलाइनबाट, SMS मार्फत र फोनमार्फत मतदान गर्न सक्नु हुने छ। तपाईं कसरी र कहिले मतदान गर्न सक्नुहुन्छ भन्ने सम्बन्धमा CIVS द्‌वारा उपलब्ध गराइएको विस्तृत जानकारी यो लिङ्कमार्फत हेर्न सकिन्छ; **Link**

मतदान **मङ्गलवार 17 अक्टोबर, बिहान 5 बजे** (**खुल्ने**) मा सुरुवात हुने छ र **बिहीवार 19 अक्टोबर दिउँसो 4 बजे** (**समाप्त हुने**) मा सम्पन्न हुने छ। हामी मतदान समाप्त भएपछि चाँडै नै नतिजा थाहा हुने अपेक्षा गर्छौं र तपाईंलाई नतिजाहरूको बारेमा सूचित गर्ने छौँ।

### 5. निष्पक्ष कार्य आयोग

मतदान गर्ने बहुसङ्ख्यक कर्मचारीद्वारा सम्झौता स्वीकृत भएमा यो आवेदन खोज्ने स्वीकृतिको साथमा FWC को साथमा दायर गरिने छ। FWC द्वारा सम्झौता स्वीकृत भएमा यो स्वीकृत भएको 7 दिनपछि सञ्चालनमा आउने छ।

तपाईंसँग यो पत्रमा समावेश भएको कुनै पनि कुरामा प्रश्नहरू भएमा वा सम्झौताका सम्बन्धमा कुनै पनि क्वेरी भएमा कृपया HR लाई सम्पर्क गर्नुहोस्।

Sarah Willder
राष्ट्रिय HR प्रबन्धक - Berry Category

**सान्दर्भिक कागजातका लिङ्कहरू**

**इन्टरप्राइज सम्झौता:**

*Costa (Berry Category) Enterprise को सम्झौता 2019-2023*

**अवार्ड:**

*बागवानी पुरस्कार 2020*

**विधान:**

- *निष्पक्ष कार्य ऐन (Fair Work Act) 2009* (Cth) जसले राष्ट्रिय रोजगारीका मापदण्डहरू समावेश गर्छ;
- *सेवानिवृत्ति ग्यारेन्टी (प्रशासन) ऐन (Superannuation Guarantee (Administration) Act) 1992 (Cth):*
- *प्रशिक्षुता तथा प्रशिक्षण ऐन (Apprenticeship and Traineeship Act) 2001* (NSW);
- *शिक्षा तथा प्रशिक्षण सुधार ऐन (Education and Training Reform Act) 2006* (Vic);
- *दक्षिण अस्ट्रेलियाली सीपसम्बन्धी ऐन (South Australian Skills Act) 2008* (SA) (पहिलेको प्रशिक्षण तथा सीप विकास ऐन (Training and Skills Development Act) 2008);
- *प्रशिक्षण तथा सीप विकास ऐन (Training and Skills Development Act) 2016* (NT);
- *प्रशिक्षण तथा तृतीयक शिक्षा ऐन (Training and Tertiary Education Act) 2003* (ACT);
- *प्रशिक्षण तथा कार्यदल विकास ऐन (Training and Workforce Development Act) 2013* (Tas);
- *व्यावसायिक शिक्षा तथा प्रशिक्षण ऐन (Vocational Education and Training Act) 1996* (WA);
- *थप शिक्षा तथा प्रशिक्षण ऐन (Further Education and Training Act) 2014* (Qld)।